# बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल


पत्र सङ्ख्या :- २०८३/०८४
चलानी नं. :-

## विज्ञप्ति

**संख्याः ०२**

**मितिः २०८३ भदौ ११ गते, बिहिबार**

२०८३ साल भदौ १० गते, बुधवार बिहान करिब ८:४० बजे भोटेकोसी नदीमा आएको ठुलो बाढीका कारण रसुवा, नुवाकोट, धादिङ र चितवन जिल्लाका नदी आसपासका क्षेत्रमा भएको जनधनको क्षतिप्रति बागमती प्रदेश सरकार गहिरो दुःख व्यक्त गर्दछ। यस प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउनुभएका सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ । साथै तटीय क्षेत्रमा रहनुभएका स्थानीय बासिन्दाहरुलाई सुरक्षित स्थानमा रहन तथा नदी किनारमा नजानुहुन अनुरोध गर्दछौं।

**भदौ ११ गते बिहान ११ बजे सम्मको क्षति र प्रतिकार्यको विवरणः**

१) बाढी प्रभावित क्षेत्रमा हालसम्म मृतकको सङ्ख्या १६५ जना,
२) सम्पर्क विहिनः ८२६ जना,
३) सुरक्षाकर्मी परिचालन ७४५१ जना,
(श्रोतः NDRRMA)
४) प्रभावित क्षेत्रबाट उद्धार गरी रसुवा अस्पतालमा उपचाररत ५३ जना मध्ये अस्पताल भर्ना ११ जना, डिस्चार्ज २८ जना, रिफर १३ जना र १ जनाको मृत्यु भएको,
५) त्रिशूली अस्पतालमा १६ जना बिरामी उपचाररत रहेकोमा १३ जना डिस्चार्ज हुनुभएको,
६) आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, नुवाकोटमा २० जना बिरामी उपचाररत रहेकोमा ५ जना डिस्चार्ज हुनुभएको,
७) मानवीय तथा भौतिक क्षतिको विवरण सङ्कलन जारी रहेको ।

**बागमती प्रदेश सरकारबाट गरिएका विशेष कार्यहरूः**

| समय | सम्पादित कार्य |
|---|---|
| **२०८३ भदौ १० गते बुधबारः** | |
| बिहान ११:०० बजे | • विभागीय मन्त्रालयका मन्त्री र सचिवहरूलाई बागमती प्रदेशका प्रभावित जिल्लाहरूमा रहेका स्वास्थ्य, खानेपानी लगायत सबै कार्यालयहरूलाई आ-आफ्नो क्षेत्रमा उद्धार र सहयोगका लागि तत्काल परिचालन हुन मुख्यमन्त्रीज्यूबाट निर्देशन भएको,<br>• बाढी नियन्त्रण र व्यवस्थापनका लागि बाढी पूर्वसूचना प्रणाली सक्रिय पार्न, प्रभावित क्षेत्रमा निरन्तर एसएमएस, सामाजिक सञ्जाल र मिडिया कभरेज प्रदान गर्न र प्रभावित क्षेत्रमा खोज, उद्धार र राहत प्रदान गर्न सबै पक्षलाई निर्देशन दिइएको, |


फोन नं.:०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्सः ०५७-५२७५०७, वेवसाइटःwww.ocmcm.bagamati.gov.np, ईमलः ocmcm@bagamati.gov.np

पत्र सङ्ख्या :- २०८३/०८४
चलानी नं. :-

- स्थानीय प्रशासन र सबै सुरक्षा निकायहरूले कार्यस्थलमा उच्च सतर्कताका साथ विपद् व्यवस्थापनमा काम गरिरहेका तथा अवरुद्ध सडक, विद्युत् र सञ्चारलाई खोल्ने प्रयास भएको,
- सम्बन्धित पक्षहरूसँगको समन्वयमा आवश्यक स्थानमा उद्धारका लागि हेलिकप्टरबाट हवाई उद्धारको समन्वय भएको तथा स्वास्थ्य तथा सामाजिक मामिला मन्त्रालयसँगको समन्वयमा औषधि र उपकरणसहित स्वास्थ्यकर्मीहरूको टोली प्रभावित जिल्लाहरूमा खटाइएको,
- उद्धार, राहत वितरणका लागि जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिहरूसँग समन्वय गरिएको,
- प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको आकस्मिक बैठक बसी देहायका निर्णयहरु गरियोः

१) बाढीमा परि घरबारविहिन भएका व्यक्तिहरूका लागि अस्थायी बसोबास तथा खानाको प्रवन्ध बागमती प्रदेश सरकारको तर्फबाट उपलब्ध गराउने,

२) बाढीमा परि मृत्यु भएका व्यक्तिको अन्तिम संस्कार लागि सम्बन्धित परिवारलाई रु.२५ हजार प्रति मृतकका दरले राहत रकम उपलब्ध गराउने,

३) गोसाइकुण्ड, कैलाश मानसरोबर तथा अन्य धार्मिक यात्राको क्रममा रही हाल अलपत्र अवस्थामा रहेका तीर्थयात्रीहरूलाई बाढीग्रस्त क्षेत्रबाट फर्कनका लागि रसुवाको धुन्चेबाट बेत्रावती बोगटिटारसम्म निःशुल्क बस सेवा उपलब्ध गराउने,

४) रसुवा र नुवाकोट जिल्ला विपद् कोषमा तत्कालका लागि रु. १/१ करोड अनुदान रकम उपलब्ध गराउने,

५) बाढीले त्रिशुली-धुन्चे सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको अवस्थामा वैकल्पिक मार्गको रुपमा नुवाकोट दरबार हुँदै ढिकुरे - लछ्याम - सरमथली जाने सडकलाई यथाशीघ्र स्तरोन्नती गरेर सञ्चालनमा ल्याउने ।

फोन नं.:०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्सः ०५७-५२७५०७, वेवसाइटःwww.ocmcm.bagamati.gov.np, ईमलः ocmcm@bagamati.gov.np

बागमती प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल


पत्र सङ्ख्या :- २०८३/०८४

चलानी नं. :-

| | |
|---|---|
| | बागमती प्रदेशका माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरू, प्रमुख सचिवज्यू, आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालयका सचिवज्यू लगायत प्रदेश अन्तरगतका सम्पूर्ण सुरक्षा संयन्त्रका प्रमुख तथा पदाधिकारीहरू प्रभावित क्षेत्रमा तत्काल खटिइएको । |
| साँझ ०५:०० बजे | आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय मार्फत प्रभावित क्षेत्रमा तत्काल उद्धार र राहतको लागि त्रिपाल २८० थान, टेन्ट ५० थान र गैर खाद्य सामाग्रीहरू १७० थान पठाइएको। |
| | आपतकालिन स्वास्थ्य उपचारका लागि क्षतिग्रस्त स्थानहरूमा भक्तपुर अस्पताल, टोखा चण्डेश्वरी अस्पताल, वज्रबाराही चापागाउँ अस्पताल, हेटौंडा अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सालय काठमाडौंबाट आकस्मिक स्वास्थ्य टोली (Emergency Medical Team) औषधी र स्वास्थ्य उपकरण सहित परिचालन गरिएको । |
| **समय** | **सम्पादित कार्य** |
| **२०८३ भदौ ११ गते बिहिबारः** | |
| **बिहान ०७:०० बजे** | नेपाल सरकारका सञ्चार मन्त्री, बागमती प्रदेश सरकारका मुख्यमन्त्री सहित विपदसँग सम्बद्ध सबै पक्षहरूको समन्वयमा बैठक बसी खोज, उद्धार कार्यलाई प्राथमिकता, उपचार, राहत तथा सुरक्षित व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आवश्यक निर्देशन दिइएको । |
| | प्रभावित क्षेत्रका सङ्घीय तथा प्रदेश सभाका सांसदहरूसँग परामर्श गरी स्थानीय तहमा आवश्यक सहयोग सहजीकरण गरिएको। |
| **बिहान ०८:३० बजे** | बागमती प्रदेश सरकारका मुख्यमन्त्रीज्यू सहितको संयुक्त टोलीबाट विपद प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरी प्रभावित क्षेत्रका स्थानीयसँग सम्वाद गरिएको । |
| **बिहान ०९:३० बजे** | माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सभा सदस्यज्यूहरु, जि.स.स. प्रमुख, प्रदेश सरकार अन्तरगतका जिल्ला स्थित कार्यालय प्रमुख तथा मानवीय सहायता संस्थाहरुको उपस्थितिमा बैठक बसी खोज, उद्दार र राहत व्यवस्थापनलाई प्रभावकारी बनाउन विषय क्षेत्रगत कार्य गर्ने गरी देहाय बमोजिमको कार्यदल गठन गरिएको ।<br>**क्र.सं.** **कार्यदलको विवरणः** **जिम्मेवार निकाय**<br>१. उद्दार सम्बन्धी सूचना सङ्कलनः जिल्ला समन्वय अधिकारी |

पत्र सङ्ख्या :- २०८३/०८४
चलानी नं. :-

| | |
|---|---|
| | २. स्वास्थ्य उपचार व्यवस्थापनः आयुर्वेद तथा वैकल्पिक चिकित्सालय र नेपाल रेडक्रस सोसाइटी<br>३. खाद्य तथा गैर खाद्य सामाग्री व्यवस्थापनः आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय र सेभ द चिल्ड्रेन<br>४. पूर्वाधार विकासः पूर्वाधार विकास कार्यालयहरु |

**प्रदेश सरकारको प्राथमिकताः**

१. खोजी कार्यलाई प्रभावकारी बनाइ घाइतेहरूको तत्काल उद्धार र उपचारको प्रबन्ध मिलाउने,
२. थप क्षतिको विस्तृत विवरण सङ्कलन,
३. प्रभावितहरूको सुरक्षित व्यवस्थापन,
४. भत्किएका सडक, पुलको मर्मत सम्भार गरी आवागमन सहज बनाउने र खानेपानी संरचनाको मर्मत सम्भार गरी सुचारु गर्ने,

**आपत्कालीन सम्पर्क**

- सम्बन्धित जिल्लाको टोल फ्री नम्बर १२३४ वा १०० वा ११११
- थप सूचना तथा जानकारीको लागि प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्रको सम्पर्क नं. ०५७-५२३३८४

रामबाबु पुरी
प्रदेश सचिव